National Co-operative Federation of Nepal Ltd.
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
पुल्चोक, ललितपुर, नेपाल
पो.ब.नं. ११८५९, काठमाडौं

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncfcoop@gmail.com
Website: www.ncfnepal.com.np

च.नं. ९१/२०७६/७७

मिति : २०७६/०४/१०

श्री सम्बन्धित सर्म्पुण सहकारी संघ/संस्थाहरु

...........................................................

**विषय: तालिम कार्यक्रमहरुमा सहभागिता गराईदिने बारे ।**

नेपालको सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी अभियानको विकास र सुदृढीकरणका लागि प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने, सरकार तथा सरोकारवाला निकायहरूसँग वहस, पैरवी तथा समन्वय गर्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको सहकारी अभियानको तर्फबाट सक्रियतापूर्वक प्रतिनिधित्व गर्दै नेपाली सहकारी अभियानको गुणात्मक विकासमा क्रियाशिल रहदै आएको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा सहकारी संघ/संस्थाहरुको निर्णायक तहमा क्रियाशिल जनशक्तिको ज्ञान सीप क्षमताको अभिवृद्धि गराउने उद्देश्यका साथ अत्यावश्यक विशिष्टिकृत तालिम कार्यक्रमहरुको आयोजना गर्न लागिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

यसर्थ अनुभवी श्रोत व्यक्तिहरूद्वारा सहजीकरण हुने गरी राष्ट्रिय सहकारी महासंघ लि. नेपालको तालिम कक्ष, पुल्चोक, ललितपुरमा तपशिलमा उल्लेखित तालिम कार्यक्रहरुमा संघ संस्थाका Account Committee Member हरूलाई लक्षित गरी आयोजना गरिएकोले त्यस संघ/संस्थाबाट सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

सिट सिमित भएकाले पहिलो आउनेलाइ पहिलो प्राथमिकता दिई रजिष्ट्रेशन गराईने भएकोले यथाशिध्र आफ्नो सिट सुरक्षित गर्नु हुन समेत सूचित गरिन्छ ।

| क्र.स. | तालिमको विषय | मिति | सयम | रजिष्ट्रेशन शुल्क (प्रति सहभागी) |
|---|---|---|---|---|
| १. | बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा तालिम | २०७६ भाद्र ४ र ५ गते | १०:३० - ४:०० | २५००/- |
| २. | लेखा तथा सुपरिवेक्षण क्षमता अभिबृद्धि तालिम | २०७६ भाद्र २३ र २४ | १०:३० - ४:०० | २५००/- |
| ३. | रणनीतिक योजना तर्जुमा | २०७६ भाद्र ३० र ३१ | १०:३० - ४:०० | २५००/- |

पुनश्चः

- सहभागीहरूलाई तालिम, स्टेशनरी, खाजा तथा प्रमाण-पत्र उपलब्ध गराइने छ ।
- विस्तृत जानकारीको लागि महासंघमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
- सम्पर्क व्यक्ति :, सम्पर्क नं.: ०१-५०१०११६,५०१००३३,९८४१३९६३२०

सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

.............................
(चित्रा कुमारी थाम्सुहाङ सुब्बा)
महाप्रवन्धक